# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, माघ १० गते २०५२ साल (अतिरिक्ताङ्क ४०

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५२ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

255

# विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौवीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) ऐन, २०५२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ३ मा संशोधन : विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को, -

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२) बमोजिम दरखास्त परेमा पचास करोड रुपैयाँसम्म स्थिर जेथा भएको उद्योगको हकमा विभागले आफै र सोभन्दा वढी स्थिर जेथा भएको उद्योगको हकमा वोर्डको निर्णयानुसार दरखास्त परेको मितिले तीस दिनभित्र स्वीकृति दिनु पर्नेछ । विभागले त्यस्तो स्वीकृतिको सम्वन्धमा भएको निर्णयको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूचीमा उल्लेख भएका उद्योगहरुमा विदेशी लगानी गर्न स्वीकृति दिइने छैन ।

तर त्यस्ता उद्योगहरुमा प्रविधि हस्तान्तरण गर्न स्वीकृति दिन सकिनेछ ।"

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को, -

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) विदेशी लगानीकर्तालाई विदेशी ऋणबाट आर्जित ब्याज आयमा आय कर लाग्ने छैन ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :-

"(१क) विदेशी लगानीकर्तालाई विदेशी प्राविधिक एवं व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जित आयमा पन्ध्र प्रतिशत मात्र आय कर लगाइनेछ ।"

४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) विदेशी लगानीकर्ता वा त्यस्तो विदेशी लगानीकर्ताको आश्रित परिवार वा अधिकृत प्रतिनिधि तथा त्यस्तो अधिकृत प्रतिनिधिको आश्रित परिवारलाई विदेशी लगानी कायम रहेसम्म नेपाल अधिराज्यमा बस्न व्यावसायिक भिसा उपलब्ध गराइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०५

तर एकैपटक कम्तीमा एक लाख अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रामा लगानी गर्ने विदेशी लगानीकर्ता र निजको आश्रित परिवारलाई त्यस्तो लगानी कायम रहेसम्म आवासीय भिसा उपलब्ध गराईनेछ ।"

५. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको लगानी भएका उद्योगमा विदेशी लगानीका सम्बन्धमा उठेका विवादको समाधान विदेशी लगानी सम्झौतामा उल्लेख भए बमोजिम गर्न सकिनेछ ।"

६. मूल ऐनमा दफा ९क. थप : मूल ऐनको दफा ९ पछि देहायको दफा ९क. थपिएको छ :-

"९क. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीको खण्ड (ख) मा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।"

७. खारेजी : मूल ऐनको दफा ४ खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

(दफा ३ को उपदफा (४) संग सम्बन्धित)

### विदेशी लगानी गर्न स्वीकृति नदिइने उद्योगहरु

#### खण्ड (क)

१. घरेलु उद्योग ।

२. व्यक्तिगत सेवा व्यवसाय (जस्तो कपाल काट्ने, श्रृंगार गर्ने, सिलाई (टेलरिंग), ड्राइभिङ्ग तालिम आदि व्यवसाय) ।

३. हात हतियार तथा खरखजाना उद्योग ।

४. गोलीगठ्ठा, बारुद ।

५. विकीरणजन्य पदार्थ (रेडियोएक्टीभ मेटेरियल्स्) सम्बन्धी उद्योग ।

६. घरजग्गा खरिद बिक्री व्यवसाय (निर्माण उद्योग बाहेक)

७. चलचित्र व्यवसाय (राष्ट्रिय तथा राष्ट्र भाषाको) ।

८. सुरक्षात्मक छपाई (सेक्यूरीटी प्रिन्टिङ्ग) ।

९. मुद्रा तथा सिक्का व्यवसाय ।

#### खण्ड (ख)

१. खुद्रा व्यवसाय (रिटेल बिजनेस) ।

२. ट्राभल एजेन्सी ।

३. ट्रेकिङ एजेन्सी ।

४. वाटर ऱ्यापटीङ्ग ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. पोनी ट्रेकिङ्ग ।

६. अश्वारोहण ।

७. चुरोट, बिडी, मदिरा (९० प्रतिशत भन्दा बढी निकासी गर्ने वाहेक) ।

८. आन्तरिक कुरियर सेवा ।

९. आणविक शक्ति (एटोमिक इनर्जी) ।

१०. पर्यटक आवास ।

११. कुखुरा पालन ।

१२. माछा पालन ।

१३. मौरी पालन ।

१४. परामर्श सेवा व्यवसाय-व्यवस्थापन, लेखा, इन्जिनीयरिङ, कानूनी जस्ता व्यवसायहरु ।

लालमोहर सदर मिति :- २०५२।१०।१०।४

आज्ञाले,

**सुरेशमान श्रेष्ठ**

श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०४